# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश नेपाल


प.स. ०७६/०७७
च.न. ११२९

मितिः २०७७/०१/२२

विषयः रासायनिक युरिया मल विक्रि वितरण सम्बन्धमा ।

श्री १ नं. वडा कार्यालय
श्री २ नं. वडा कार्यालय

प्रस्तुत विषयमा गाउँ कार्यपालिकाको मिति २०७७/०१/१० को निर्णयानुसार गाउँपालिका क्षेत्रभित्र रासायनिक युरिया मलको बिक्रि वितरण वापत प्रति बोरा रु ८५० मुल्य तोकिएको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा कमलेश्वरी कृषि सहकारी संस्था क्याम्पा मार्फत बिभिन्न स्थानमा मल बिक्रि वितरण हुँदा कार्यपालिकाले तोकेको मूल्य भन्दा बढी मूल्यमा बिक्रि वितरण भएको भनी गुनासो प्राप्त भएकोले सम्बन्धित सहकारीसँग आवश्यक समन्वय गरी कार्यपालिकाले तोकेको मूल्य भन्दा बढी मूल्यमा विक्रि वितरण भएको भए तत्काल रोकि बढी मूल्य लिएको रकम सम्बन्धित कृषकलाई फिर्ता दिने व्यवस्था मिलाउनु हुन र सो को जानकारी यथासिघ्र उपलब्ध गराउन हुन जानकारी गराइन्छ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ,

१. अन्य सवै वडा कार्यालयहरुः ताहाँ वडा क्षेत्रमा समेत रासायनिक युरिया मल विक्रि वितरण हुदा कार्यपालिकाले तोकेको मूल्यमा रहि विक्रि वितरणको व्यवस्था मिलाउनु हुन ।
२. कमलेश्वरी कृषि सहकारी संस्था वडा नं. २ , क्याम्पाः माथि उल्लेखित विवरण अनुसार यकिन बुझि सोहि अनुसार वडालाई सहयोग पुर्याउन हुन ।